शितभण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार (मन्त्री परिषद्) मिति २०७५/ / को निर्णय अनुसार स्वीकृत

प्रस्तावनाः

प्रदेशमा खाद्यान्न, माछा, तरकारी, फलफूल, आलु, पुष्पवाली लगायत विभिन्न कृषि उपजहरुको उत्पादन उल्लेखनीय परिमाणमा बृद्धि हुंदै आएको छ र आगामी वर्षहरु मा अझै बृद्धि हुदै जाने संभावना देखिन्छ। कृषकहरुबाट उत्पादित कृषि उपजहरु छिटो नाश हुने भएको कारण यी उपजहरुबाट कृषकहरुलाई अपेक्षित लाभ प्रदान गरी उत्पादन वृद्धिमा अझ बढी हौसला प्रदान गर्नका लागि उत्पादित त्यस्ता कृषि उपजहरुको सुरक्षित भण्डारण गरी विक्री वितरणको उपयुक्त प्रणाली विकास गर्न विभिन्न स्थानमा शित भण्डार निमार्ण गर्न आवश्यक हुनाले नेपाल सरकारको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा १२२ बमोजिम **"प्रदेश शितभण्डार निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्यविधि,२०७५"** यस भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जारि गरेको छ।

परिच्छेद-१

१. संक्षिप्त नामर प्रारम्भः

(क) यो कार्य विधिका नाम **"प्रदेश शितभण्डार निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्यविधि,२०७५"** हुनेछ ।

(ख) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भए पछि तुरुन्त लागू हुनेछ ।

२. कार्यविधि लाग हुने ठाउँः यो कार्यविधि प्रदेश नं.२ मा लागु हुनेछ ।

३. परिभाषाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप शितभण्डार निर्माण गन कार्यमा सहयोग पुरयाउन उपलब्ध गराईने नगद अनुदान रकम सम्झनुपर्दछ।

(ख) "उद्यमी" भन्नाले यसकार्य विधि अनुरुप प्रदेश सरकार बाट शितभण्डार निर्माणका लागि पाउने अनुदान लिने उदेश्यले आवेदन दिने निजी कम्पनी वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक संस्था सम्झनु पर्दछ ।

(ग) "कृषिवजार" भन्नाले कृषि उपजका खरिदबिक्री हुने क्षेत्र सम्झनु पर्दछ। यस शब्दले कृषि थोक बजार, संकलन केन्द, हाटबजार र खुद्राबजारको क्षेत्रसमेत सम्झनुपर्दछ ।

(घ) "थोकबजार" भन्नाले कुनैपनि कृषि उपज थोक खरीद विक्री हुने वजार स्थल सम्झनु पर्दछ।

(ङ) "नाशवान कृषि उपज" भन्नाले कृषि क्षेत्रवाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न, पुष्प तथा माछा जस्ता शितभण्डारणको आवश्यकता पर्ने नाशवान वस्त सम्झनु पर्दछ ।

(च) "निजी कम्पनी" भन्नाले निजीक्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्टारका कार्यालयमा दर्ता भएका कम्पनी भन्ने बुझ्न पर्दछ। यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेत लाइ जनाउँदछ।

(छ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनुपर्दछ ।

(ज) "प्रस्ताव" भन्नाले उद्यमीले शितभण्डार निर्माणका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२ लाई सम्झनु पर्छ।

(ञ) "मूल्याङ्कन समिति" भन्नाले परिच्छेद २ को दफा ७ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ट) "सहकारी संस्था" भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम संवन्धित कार्यालयमा दर्ता भएका सहकारी संस्था वा संघ सम्झन पर्दछ ।

(ठ) "सेवा शुल्क निर्धारण समिती "भन्नाले परिच्छेद ५ को दफा १५ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ड) "सार्वजनिक संस्था" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गत सरकारका लगानीमा स्थापना भई संचालित बोर्ड, समिति, संस्थान सम्झनु पर्दछ। यस अन्तर्गत कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतको कार्यक्रम अनुरुप संचालित कृषि उपज बजारको संचालक समिति समेत सम्झनु पर्छ ।

४. कार्यविधिको उद्देश्यः

(क) कृषकहरुले उत्पादन गरेका नाशवान कृषि उपजहरुका सुरक्षित भण्डारण गरी वजारका माँग तथा मूल्य हेरी उनीहरुलाई चाहेका समयमा विक्री गरी बढी आय प्राप्त गर्न सक्षम बनाउन।

(ख) उपभोक्ताहरुलाई कृषि बजारहरुमा वर्षभरी तरकारी, फलफूल, माछा, पुष्पलगायतका खाद्यवस्तु आपूर्ति गर्न योगदान पुर्याउन ।

(ग) आन्तरिक तथा बैदेशिक बजारका लागि गुणस्तर युक्त कृषि बस्तुको आपूर्ति व्यबस्थामा योगदान पुर्याउन ।

(घ) नाशवान कृषि उपजका नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउन ।

परिच्छेद-२
अनुदानका लागि प्रस्ताव छनौट

५. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः

(क) यस कार्यविधि अनुरुप संभाव्य र आवश्यक क्षेत्रहरुमा शितभण्डार निर्माण गर्ने कार्यमा प्रदेश सरकारका तर्फबाट सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले मन्त्रालयले कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय/स्थानीय दैनिक पत्रिका मार्फत प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्नेछ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरुप निजी कम्पनी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म, सार्वजनिक संस्थाले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी प्रस्ताव पेश गर्न सक्ने छन।

६. आवेदन दिन आवश्यक योग्यताः

यस कार्यविधि अनुरुप शितभण्डार निर्माण कार्यका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका उद्यमीहरुले अनुसुचि २ अनुसार आवेदन दिन सक्नेछन।

(क) आवेदकका कम्पनी, सहकारी संस्था, सार्वजनिक संस्था कानुन बमोजिम दर्ता भई तथा स्थायी लेखा नम्बर लिएका वा कृषि ज्ञान केन्द्रमा र्दता भएका कृषक समूह वा कृषि उपज बजार स्थलका व्यवस्थापन तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०५३ बमोजिम संचालन भएको निर्देशनालयका रेकर्डमा रहेका कृषि उपजबजार संचालक समिति।

(ख) कृषि उपज बजारका लागि ५००मे.टन. वा सो भन्दा बढी क्षमताका शितभण्डार स्थापना गर्न संभाव्यता अध्ययन सम्पन्न गरेको।

(ग) शितभण्डार निमार्ण गर्न जग्गाको व्यवस्था (न्यूनतम १ बिग्घा) भईसकेका वा निर्मित भवनमा शितभण्डारको व्यवस्था गर्न सकिने अवस्था रहेका ।

(घ) मान्यता प्राप्त प्रविधिक वा फर्मबाट शितभण्डारका डिजाइन र लागत अनुमान तयार भईसकेका।

(ङ) शितभण्डार निर्माण गर्न कार्य योजना र लागत अंश व्यहोर्न सक्ने क्षमता भएका।

७. मूल्यांकन समितिको गठन व्यबस्थाः

अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुका मूल्यांकन र सो सम्बन्धि व्यबस्थाका लागि देहाय बमोजिमको मूल्याकन समिति गठनका व्यबस्था गरिनेछ। यस कार्यविधि अनुरुप अनुदान सम्बन्धि नीति निर्णय र आएका समस्या हरुलाइ निराकरण गर्न काम यस समितिको हुनेछ ।

(क) प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ –अध्यक्ष

(ख) निर्देशक, कृषि विकास निर्देशनालय, प्रदेश नं. २ –सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्य मन्त्री कार्यालय मन्त्रालय, प्रदेश नं. २ –सदस्य

(घ) अधिकृत प्रतिनिधि, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश न २ –सदस्य

(ङ) किसान प्रतिनीधि २ जना (१ जना महिला प्रतिनीधि अनिवार्य) –सदस्य

(च) उपसचिव, खाध सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२ –सदस्य सचिव

८. मूल्यांकन समितिका काम, कर्तव्यर अधिकार

(क) यस कार्यविधिका अनुसची १ का मूल्यांकन फर्मेट अनुरुप प्रस्ताव मूल्यांकन गर्ने ।

(ख) मूल्यांकन बमोजिमका योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र कतिवटा ठाउँमा अनुदान उपलब्ध गराउन सकिन्छ सोको यकिन गरी स्वीकृतिका लागि सिफारिस गर्ने ।

(ग) शितभण्डारको अनुदानको लागि किस्ता निकासा गर्न स्वीकृती दिने।

(घ) शितभण्डार निर्माणको अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

(च) अनुदान र कामको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारबाहीका लागि सिफारिस अघि बढाउन ।

(छ) मूल्यांकन सम्बन्धि आवश्यक अन्य कार्य गर्ने ।

परिच्छेद-३

अनुदान रकम स्वीकृति

९. दफा (८) बमोजिम गठित मुल्याङ्कन समितिले यस कार्यबिधि बमोजिम शितभण्डार निर्माण गर्न अनुदान रकम स्वीकृती दिनेछ ।

परिच्छेद-४

अनुदान प्रवाह बिधि

१०. अनुदान रकम, उपलब्ध गराउने र खर्च गर्ने विधि:

(क) शितभण्डार निर्माण र मेशिनरी उपकरण खरीद वा आयात गर्नुपर्ने भए साझेदार संस्था / प्रस्तावकले व्यहोर्ने साझेदार लागत बराबरको निर्माण तथा खरीद कार्य गरि सकेपछि त्यस पश्चात निर्माण कार्यको बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदनका आधारमा रकम भुक्तानी गरिनेछ। अनुदान रकम भुक्तानी बढीमा तीन किस्ताको प्रत्येक आ.व. मा हुनेछ ।

(ख) उद्यमीले मेशिन उपकरण जडान गरेका इन्जिनियरिङ्ग प्रतिवेदन र स्थलगत अनुगमन रिपोर्ट अनुरुप बाँकी रकम उपलब्ध गराइनेछ ।

(ग) मन्त्रालयले प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ ।

(घ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख मन्त्रालयले राख्नेछ ।

११. उद्यमीले पालना गर्नुपर्ने अन्य कुराः

(क) उद्यमी यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत, निर्माण गर्ने ठेकेदारको नाम, सम्पन्न गर्ने अवधि ठेकेदार मार्फत निर्माण स्थलमा टाँस्न व्यवस्था गर्नुपर्नेछ ।

(ख) यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यमा इन्जिनियर बाट निरीक्षण एवं सम्पन्न कामका मेजरमेन्ट बुक राखी बिल बनाउन व्यवस्था गर्नु पर्नेछ ।

(ग) शितभण्डार निर्माणका क्रममा मन्त्रालय र कृषि विकास निर्देशनालय लगायत सम्बन्धीत कृषि ज्ञान केन्द्रबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(घ) प्रदेशसरकारले चाहेमा जुनसुकै बखत उद्यमीको शितभण्डार निर्माण सम्बन्धी हिसाव किताव हेर्न सक्नेछ। हिसाव देखाउन सम्वन्धित उद्यमीको दायित्व हुनेछ ।

१२. अनुदानको रकम:

मूल्यांकन समितिले मन्त्रालयका स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटका परिधीभित्र निम्न बमोजिम शितभण्डार निर्माणका लागि अनुदान रकम स्वीकृत गर्नेछ ।

(क) कृषक समूह, कृषि सहकारी संस्था लि. र सार्वजनिक कृषि उपज बजार संचालक समितिबाट ५००मे. टन. वा सो भन्दा बढी क्षमताका प्रस्ताव भएका शितभण्डार निर्माणको लागि लागत अनुमानका बढीमा ८० प्रतिशत रकम अनुदान।

(ख) शीत भण्डार निर्माण कार्यमा लाग्ने कुल लागतको कम्तिमा २० प्रतिशत लगानी सम्बन्धित उद्यमीले व्यहोर्नु पर्ने छ।

(ख) अनुदान रकम बढीमा रु.पन्ध्र (१५) करोड सम्म तीन आ.व. भित्र भुक्तानी हुनेछ।

परिच्छेद-५
अनुगमन र विविध

१३. अनुगमन व्यवस्था:

(क) अनुदान प्राप्त शितभण्डारको निर्माण तथा संचालनको अनुगमन मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रले गर्नेछ ।

(ख) मन्त्रालयले यस कार्यविधि अनुरुप निर्मित तथा संचालित शितभण्डारको अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

(ग) उपदफा (क) वा (ख) बमोजिम भएका अनुगमन तथा निर्देशन लिखित अभिलेख / प्रतिवेदन मन्त्रालयले सुरक्षित राख्नु पर्नेछ ।

(घ) उपदफा (क) र (ख) बमोजिम लिइएका निर्देशन पालना गर्न उद्यमीको कर्तव्य हुनेछ ।

१४. सम्भाव्यता अध्ययन:

(क) कृषि उत्पादन क्षेत्रको विकास तथा बजार विकासको अवस्थालाई दृष्टिगत गरी मन्त्रालयले शितभण्डार निर्माण सम्बन्धी संभाव्यता अध्ययन गर्न सक्नेछ ।

(ख) मन्त्रालयबाट सम्पन्न संभाव्यता अध्ययनको प्रतिवेदनलाई उद्यमीले प्रस्तावमा समावेश गर्न सक्ने छन।

१५. सेवा शुल्क निर्धारण समिती:

(क) कृषि ज्ञान केन्द्र प्रमुख -अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय –सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति –सदस्य

(घ) अधिकृत प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र –सदस्य

(ङ) किसान प्रतिनीधि २ जना (१ जना महिला प्रतिनीधि अनिवार्य) –सदस्य

(छ) योजना अधिकृत, कृषि ज्ञान केन्द –सदस्य सचिव

शितभण्डार निर्माण गरी संचालन गर्दा शुल्क निर्धारण समिति गठन गरी उक्त समिति बाट सेवा शुल्क दर निर्धारण भए बमोजिम मात्र सेवा शुल्क लिने व्यवस्था गर्ने छन। सेवा शुल्क बापत भएको आम्दानी शीत भण्डार निर्माण कार्य गर्ने सम्बन्धित कृषि उद्यमी तथा कृषि उपज बजार संचालक समितिले निर्धारण गरि शीत भण्डार गृहको व्यवस्थापन, मर्मत तथा अन्य क्षेत्रमा खर्च गर्न सकिने छ

१६. कारबाहीको व्यवस्था:

(क) सम्झौता अनुरुप काम नगर्ने उद्यमीलाई मूल्यांकन समितिले अनुदान रोक्का गर्न सक्नेछ ।

(ख) यस कायविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता उद्यमीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

(ग) सम्झौता अनुरुप निर्माण नगर्ने वा रकमको हिसाव नबुझाउने उद्यमीलाई मन्त्रालयले प्रचलित कानुन बमोजिम कारबाहीको लागी सिफारीस गर्नेछ ।

१७. बाधा अडचन र निरुपण:

(क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण प्रचलित ऐन नियम अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गर्नेछ ।

अनुसूचि१

शितभण्डार निर्माणका लागि अनुदान रकम उपलब्ध गराउन मूल्यांकन फारम

१. शितभण्डार निर्माण गर्न जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्थाः (१०अंक)

(क) जग्गाको क्षेत्रफल पर्याप्त भएको

(ख) जग्गाको क्षेत्रफल पुग्न सक्ने भएको

(ग) जग्गाका क्षेत्रफल अपर्याप्त भएको

२. शितभण्डार निर्माणको लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्थाः (१०अंक)

(क) सडक र बिजुलीका सुविधा भएको

(ख) बिजुलीका सुविधा भएको तर सडक नभएको

(ग) सडकर बिजुली नभएको

३. शितभण्डार निर्माण गर्नसंस्थाको जग्गाको स्वामित्वः (१०अंक)

(क) जग्गाको स्वामित्व आफ्नै नाममा भएको

(ख) जग्गाको स्वामित्व सार्वजनिक वा ३० वर्ष भन्दा बढीको लीजमा भएको

(ग) जग्गाको स्वामित्व ३० वर्ष भन्दा कम अवधिको लिजमा भएको

४. सहभागितात्मक विकास /निर्माणको संभावना (१५अंक)

(क) कृषक समूह/कृषक सहकारीको संलग्नतामा निर्माण/विकास पुरा हुने

(ख) कृषक समेतका संलग्नतामा अन्य संस्थाबाट विकास हुने

(ग) कृषक बाहेक अन्य सरोकारवालाको/सामान्य रुपमा विकास हुने

५. कृषि बजार केन्द्रहरुसँग सामान्जस्यमा संचालन हुन सक्ने संभावना (१५अंक)

(क) उत्पादन पकेट वा कृषि उपज बजारमा पर्याप्त सेवा पुग्न सक्ने

(ख) उत्पादन पकेट वा बजार केन्द्र भन्दा टाढा पर्ने तर भण्डार गर्न सक्ने देखिएका

(ग) शितभण्डार टाढा भएकोले उत्पादन संचय गर्न कठिनाई भएको

५. शितभण्डारको प्रस्तावकोआर्थिक क्षमताका अवस्था (१०अंक)

(क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सक्षम भएका आधार देखिएको

(ख) व्यहोर्नु पर्ने लागत अंश सम्भाव्य देखिएका आधार पेश भएको

(ग)व्यहोर्नु पर्ने लागत अंश सम्भाव्य नदेखिएको

७. शितभण्डारमा संचयहुन सक्ने सम्भाव्यताको अवस्था (१०अंक)

(क) नियमित संचय हुनसक्ने देखिएको

(ख) फाटफुट/मौसमी संचय हुनसक्न देखिएको

(ग) न्युन मात्रामा संचयहुन सक्ने देखिएको

८. लक्षित वर्गका सहभागिताको अवस्था (१०अंक)

(क) उत्पादक कृषकहरुको पूर्ण सहभागितामा प्रस्ताव पेश भएको

(ख) लक्षित कृषकहरुको आंशिक सहभागिताको प्रस्ताव पेश भएको

(ग) लक्षित कृषकहरुको सहभागिता नभएको

९. समष्टिगत सम्भाव्यता/वातावरणीय सम्भाव्यताको स्थिती (१०अंक)

अनुसूचि२

शितभण्डार निर्माण अनुदानका लागि आवेदन फारम

श्री भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २ जनकपुर।

हाम्रो कृषक समूह/कृषि सहकारी संस्था/समिति/फर्म/कम्पनीबाट.....गा.पा./न.पा./उ.म.न.पा/ म.न.पा.....जिल्ला अन्तर्गत.....स्थानमा शितभण्डार निर्माण गर्ने लक्ष रहेकोले सोको लागि लागत अनुमान रु.....मध्ये रु.....हाल संस्था बाट व्यहोरी बाँकी रु.....अनुदान पाउन व्यवस्थाका लागि निवेदन गर्दछु/गर्दछौं ।

संलग्न कागजहरु

१. संस्था दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि वा सार्वजनिक कृषि उपज बजार संचालक समितिका रेकर्ड

२. ५०० टन भन्दा बढी क्षमताको हकमा संभाव्यता अध्ययनका रिपोर्ट

३. जग्गाको लालपुर्जा वा लिजका प्रमाणित प्रतिलिपि

४. शितभण्डारका (मेशिनरी सहित) डिजाईन तथा लागत अनुमान .....

५. शितभण्डार निर्माण गर्न कार्य तालिका र बजेट श्रोतहरु .....

६. संस्था/कम्पनीमा हाल रहेका नगद मौज्दातका प्रमाण .....

७. सडक/बिजुली रहेनरहेको विवरण.....

८. शितभण्डार क्षमताको कति प्रतिशत संचय हुनसक्ने अध्ययन/अनुमान. ....

९. सेवा पुर्याउने व्यवसायीक क्षेत्रहरु .....

१०. संस्था/कम्पनीका साधारण सदस्य संस्था .....

११. निकट व्यवसायीक कृषकहरुको यस आयोजनामा कस्ता सहभागिता रहनेको विवरण .....

निवेदक

.....कृषक समूह/.....कृषि सहकारी संस्था.....संस्था/..... समिति

.....फर्म/कम्पनी.....

ठेगाना

संस्थाका छाप

अनुसूचि ३

शित भण्डार निर्माण तथा कार्यान्वयन सम्बन्धि कार्यविधि सम्बन्धि सम्झौता पत्र (नमुना)

१. यो सम्झौता पत्र कृषि उद्यमी र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ बीच शीत भण्डार निर्माण तथा कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ ।

३. उद्यमीले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

४. भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ ले उद्यमीलाई इस्टीमेट अनुसारको कार्य संचालन गर्न आयोजनाको प्रकृति अनुसार एक आ.व. मा बढीमा तीन किस्तामा रकम उपलब्ध गराउने छ ।

५. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित उद्यमीले कम्तीमा १५ प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ ।

६. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

७. उद्यमीले यसै योजनाको लागि आफ्नै समुहको श्रोत वाहेक कुनै सरकारी,गैर सरकारी संघ/संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पस्ट रुपमा मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

८. उद्यमीले काम गर्दा मन्त्रालयबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

९. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरि फाइनल वील तयार गर्ने प्राविधिक वाट कार्य सम्पन्न प्रतिवेदन तयार गरि उद्यमीवाट निर्णय गराई मन्त्रालयमा प्राप्त भए पछि सम्बन्धित उद्यमीको नाममा बैंकको एकाउन्ट पेयी चेक मार्फत भुक्तानी दिईनेछ।

१०. उद्यमीको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यस्को सम्पूर्ण जिम्मेवारी उद्यमीको हुनेछ ।

११. उद्यमीले निर्माण कार्यको सार्वजनिक जानकारी (पब्लिक अडिटिंग) गराउनु पर्दछ ।

१२. सम्झौता भएको मिति देखि ....दिन भित्र यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य डिजाइन र इस्टिमेट अनुसार पूर्ण रुपमा सम्पन्न गरि संचालनमा ल्याईनु पर्ने छ ।

१३. आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत संभार, संचालन र व्यवस्थापन कार्य सम्बन्धित उद्यमीको हुनेछ ।

१४. निर्माण कार्य अथवा यस सम्बन्धि कुनै विवाद आएमा मन्त्रालयको निर्णय नै अन्तिम मानिनेछ।

१५. शीत भण्डार निर्माण कार्य सम्पन्न भएको मिति देखि कम्तीमा १० वर्ष सम्म जग्गा र शीत भण्डार बेच बिखन गर्न पाईने छैन ।

१६. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

.....	.....	.....
अध्यक्ष÷प्रतिनिधि	कार्यक्रम संयोजक	प्रमुख
नामः	नाम:	नाम:
उद्यमीको नाम:	कार्यालय:	कार्यालय:
संस्थाको छाप:		